# बाली उत्पादन उप्रान्त क्षति न्यूनीकरण तथा गुणस्तरीय कृषि वस्तु उत्पादनको लागि कृषक, कृषक समूह, कृषि सहकारी तथा कृषि उद्यमीहरूलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावना**

आधुनिक प्रविधिको प्रयोग गरी बाली उत्पादनोपरान्त हुने क्षति न्यूनीकरणको साथै सस्तो मूल्यमा गुणस्तरीय कृषि उपज उपभोक्ताहरूलाई उपलब्ध गराउनको साथै अन्तर्राष्ट्रिय बजारमा समेत नेपाली कृषि उत्पादनको प्रवेश गराउन प्रतिस्पर्धात्मक क्षमता बढाउनको लागि बीउ उत्पादन, प्रशोधन तथा भण्डारण, ताजा तरकारी तथा फलफूल उत्पादन, प्रशोधन र भण्डारणको साथै कृषि उपजहरूको प्रशोधन, ग्रेडिङ, प्याकीङ, ढुवानी तथा भण्डारण (प्याक हाउस तथा शीत घर र कोल्ड चेन) स्थापना र सञ्चालनको लागि सम्बद्ध सबै सरोकारवालाहरूको संलग्नता बढाइ कृषिको व्यवसायीकरण गर्न प्रदेश सरकार भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले “बाली उत्पादनोपरान्त क्षति न्यूनीकरण तथा गुणस्तरीय कृषि वस्तु उत्पादन गर्न कृषक, कृषक समूह, कृषि सहकारीहरू तथा कृषि उद्यमीहरूलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७५” तर्जुमा गरी लागू गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम “बाली उत्पादनोपरान्त क्षति न्यूनीकरण तथा गुणस्तरीय कृषि वस्तु उत्पादन गर्न कृषक, कृषक समूह, कृषि सहकारीहरू तथा कृषि उद्यमीहरूलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७५” रहेको छ ।

ख) यो कार्यविधि गण्डकी प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट स्वीकृत भएको मितिबाट गण्डकी प्रदेशभर लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **“उद्यमी”** भन्नाले यस कार्यविधि अनुरूप बाली उत्पादनोपरान्त क्षति न्यूनीकरण तथा गुणस्तरीय कृषि वस्तु उत्पादन गर्न अनुदान लिने उद्देश्यले आवेदन दिने कृषक वा कृषक समूह वा

सहकारी संस्था वा सार्वजनिक वा गैर-सरकारी संस्था वा बजार समिति वा निजी कम्पनी भन्ने सम्झनुपर्दछ ।

ख) **"प्रस्ताव"** भन्नाले उद्यमीले बाली उत्पादनोपरान्त क्षति न्यूनीकरण तथा गुणस्तरीय कृषि वस्तु उत्पादन गर्न अनुदान पाउन पेश गरेको आवेदनको विवरण सम्झनुपर्दछ ।

ग) **"अनुदान"** भन्नाले यस कार्यविधि अनुरूप बाली उत्पादनोपरान्त क्षति न्यूनीकरण तथा गुणस्तरीय कृषि वस्तु उत्पादन गर्ने कार्यमा सहयोग पुऱ्याउन उपलब्ध गराइने नगद, वस्तुगत वा दुवै अनुदान रकम सम्झनुपर्दछ ।

घ) **"मन्त्रालय"** भन्नाले गण्डकी प्रदेश अन्तर्गतको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनुपर्छ ।

ङ) **"निर्देशनालय"** भन्नाले गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत रहेको कृषि विकास निर्देशनालयलाई सम्झनुपर्दछ ।

च) **"प्रयोगशाला"** भन्नाले कृषि विकास निर्देशनालय अन्तर्गत कार्यक्रम सञ्चालन गर्ने बाली संरक्षण प्रयोगशाला सम्झनुपर्दछ ।

छ) **"गैर-सरकारी संस्था"** भन्नाले संस्था दर्ता ऐन अनुरूप सम्बन्धित कार्यालयमा दर्ता भएको संस्था सम्झनुपर्दछ ।

ज) **"सहकारी संस्था"** भन्नाले सहकारी ऐन २०७४ तथा नियमावली बमोजिम सम्बन्धित कार्यालयमा दर्ता भएको सहकारी संस्था वा सङ्घ सम्झनुपर्दछ ।

झ) **"निजी कम्पनी"** भन्नाले निजी क्षेत्रका व्यवसायीबाट कम्पनी रजिस्ट्रारको कार्यालय दर्ता भएको कम्पनी भन्ने बुझ्नु पर्दछ । यस शब्दले घरेलु तथा साना उद्योग विभागमा दर्ता भएको उद्योग समेतलाई जनाउँदछ ।

ञ) **"कृषक समूह"** भन्नाले तत्कालीन जिल्ला कृषि विकास कार्यालय वा कृषि ज्ञान केन्द्र वा सम्बन्धित स्थानीय तहमा दर्ता भई कृषि उत्पादन, सङ्कलन, विक्री वितरण कार्यमा संलग्न भएका कम्तीमा १० जना कृषकहरूको समूहलाई सम्झनुपर्दछ ।

ट) **"बजार समिति"** भन्नाले सम्बन्धित सरकारी निकायमा दर्ता भई सरकारी अनुदान लिई वा व्यक्तिगत लगानीमा कृषि उपज बजारको स्थापना गरी कृषिजन्य उपजहरूको सङ्कलन, भण्डारण तथा विक्री वितरण कार्यमा संलग्न भएका व्यवसायी/व्यवसायीको सङ्गठित समूह सम्झनुपर्दछ।

ठ) **"छनौट तथा मूल्याङ्कन समिति"** भन्नाले परिच्छेद २ को दफा ८ अनुसार गठित समिति सम्झनुपर्दछ ।

ड) **"प्याकहाउस"** भन्नाले ताजा, धोइ पखाली अनुपयोगी भागहरू हटाइएको (न्यूनतम प्रशोधन गरिएको), प्रशोधित वा खान तयार कृषि उपजहरूको कारोवारमा सहयोग गर्ने भौतिक पूर्वाधार तथा बीउ तथा खाद्यान्न प्रशोधन तथा भण्डारणमा प्रयोग हुने आवश्यक औजार उपकरण सहितको भौतिक पूर्वाधार (कृषि प्रशोधन उधोग कारखाना) लाई जनाउँछ ।

ढ) **"भौतिक पूर्वाधार"** यस कार्यविधिमा भौतिक पूर्वाधार भन्नाले बाली उत्पादनोपरान्त क्षति न्यूनीकरण गर्न कृषि उपज धुने, पखाल्ने, छाँट्ने, प्रिकुलिङ गर्ने भौतिक जैविक तथा रासायनिक प्रदुषण हटाउने, आधारभूत औद्योगिक कच्चा पदार्थ तयार गर्ने, डिग्रिनीङ गर्ने, फल पकाउने, रोग कीरा नष्ट गर्न तातो वा चिसो उपचार गर्ने, ग्रेडिङ गर्ने, सुकाउने, प्रशोधन गर्ने, प्याक गर्ने, गुणस्तर परीक्षण प्रयोगशाला, लेवल लगाउने, बार कोड टाँस्ने, सफ्टवेयर, सुचना प्रविधि नियन्त्रण कक्ष, प्रमाणीकरण गर्ने मेसिन, औजार उपकरण सहितको भवन वा संस्थालाई जनाउँछ । यसले फलफूल, तरकारी, आलु प्याज, मसला आदि बाली लिने (हार्भेष्टिङ), सुकाउने तथा बीउ भण्डारण, प्रशोधन, ग्रेडिङ, प्याकिङ, लेवलिङ गर्ने मेसिन वा प्रक्रिया समेतलाई जनाउँछ ।

ण) **"पोष्ट हार्भेष्ट भण्डारण संरचना"** भन्नाले कृषि उपजको उत्पादन स्थलबाट उपभोक्तासम्म पुर्याउने क्रममा क्षति न्यूनीकरण गर्न आवश्यक पर्ने विभिन्न संरचनाहरू जस्तैः बाली कटानी पछि उत्पादन स्थलमा नै छोटो समयको लागि राखिने भण्डारण (कुलबर्ट, सङ्कलन केन्द्र, शून्य शक्ति भण्डारण, शीतघर, गोदाम घर, भकारी, बोरा, घ्याम्पो, मान्द्रो, डोको आदि) लाई समेत जनाउनेछ ।

त) **"पोष्ट हार्भेष्ट चिस्यान संरचना"** ताजा तरकारी तथा फलफूल, माछा र अन्य छिट्टै बिग्रने खालका कृषि उपजहरूको उत्पादनोपरान्त हुने क्षति न्यूनीकरण गर्नको साथै भण्डारण तथा ढुवानीको क्रममा हुने क्षति न्यूनीकरण गर्न प्रयोग हुने प्रिकुलिङ सेड, रेफ्रिजरेटेड भ्यान, शून्यशक्ति भण्डारण, रष्टिक स्टोर, सेलार स्टोर, शीतघर, कुलबर्ट तथा उपभोक्ता भण्डारमा प्रयोग हुने चिस्याउने संयन्त्र आदि समेतलाई पोष्ट हार्भेष्ट चिस्यान संरचना भन्ने बुझाउँछ ।

**थ) "ताजा कृषि उपज"** खेतबारीमा उत्पादन भई खान उमेर पुगेका, भुईंबाट उखेली तुरुन्तै उपभोगको लागि राखीएका, प्रशोधन नगरिएका फलफूल, तरकारी, आलु, अलैंची, अदुवा जस्ता टिपेपछि छिट्टै नाश (fresh produce / perishable) हुन सक्ने वस्तु सम्झनुपर्छ ।

(द) **"पोष्ट हार्भेष्ट औजार उपकरण"** भन्नाले उपभोग योग्य परिपक्कता भएका खडाबाली लिने (काट्ने, टिप्ने, चुट्ने) उखल्ने,खन्ने (आलु,प्याज),फल टिप्ने कैंचि, झोला, भर्याङ, हाते साईजर, ग्रेडिङ मेसिन, फल ढुवानी गर्ने क्रेट, रिफ्याक्टोमिटर, ह्वील ब्यारो, कम्बाइन हार्भेष्टर, धान झार्ने हाते पेडल, गहुँ थ्रेसर, चपिङ बोर्ड, गुणस्तर परीक्षण गर्ने मेसिन, जुसर, बीउ भण्डारणको लागि प्रयोगमा आउने मुसा मार्ने ट्र्याप (सांचो), चक्कु, हसिया, चुलेसी आदि उपकरणहरूलाई जनाउँछ ।

**३. कार्यक्रम सञ्चालनको उद्देश्य**

यस कार्यविधि अनुसार सञ्चालन हुने कार्यक्रमका उद्देश्य देहाय बमोजिम रहेको छन् ।

(क) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको कृषि उत्पादन तयार गरी उपभोक्ताहरूलाई स्वस्थ्य, ताजा, भरपर्दो, गुणस्तरीय कृषि वस्तुहरू उपलब्ध गराउनका साथै नेपाली कृषि उत्पादनको पहुँच बढाउन प्याकहाउस स्थापना गर्न सहयोग पुर्याउने ।

(ख) स्वास्थ्य तथा गुणस्तरीय बीउ उत्पादन, प्रशोधन तथा भण्डारणमा सहयोग गरी कृषक स्तरमा नै बीउ उत्पादन तथा सञ्चय गर्न सहयोग पुर्याउने ।

(ग) छिट्टै र सजिलै बिग्रने खालका बालीहरू जस्तै ताजा तरकारी तथा फलफूलको उत्पादन, बाली कटानी (फल टिप्ने), ग्रेडिङ, प्याकिङमा आवश्यक पर्ने सामग्री तथा औजार प्रयोग गरी गुणस्तरीय कृषि उत्पादनको साथै क्षति न्यूनीकरण गर्न सहयोग पुर्याउने ।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन विधि

**४. सूचना प्रकाशन तथा प्रस्ताव आह्वान**

क) यस कार्यविधि अनुसारका कार्यक्रमहरू सञ्चालन गर्नका लागि यसै कार्यविधिको दफा ६ मा व्यवस्था भए बमोजिम योग्यता पुगेका कृषक, कृषक समूह, सहकारी संस्था, सार्वजनिक, गैर-सरकारी संस्था, बजार समिति, निजी कम्पनीबाट राष्ट्रिय दैनिक पत्रिकामार्फत कम्तीमा ३० दिनको म्याद दिई प्रयोगशालाले प्रस्ताव आह्वानको सूचना प्रकाशित गर्नेछ ।प्रकशित सूचना लगायतका अन्य आवश्यक कागजातहरू प्रयोगशालाको वेवसाइट पनि राख्ने व्यवस्था गर्नुपर्नेछ । प्रेसित सूचनाको व्यापक प्रचारप्रसारका लागि स्थानीय निकायका सबै कार्यालयहरूमा सूचना टाँस्ने व्यवस्था हुनुपर्ने । सूचना बमोजिम सम्बन्धित कृषक समूह, कृषि सहकारी, कृषि फर्म, कृषि वा पर्यटन सम्बन्धी कम्पनी वा संस्था आदिले प्रस्ताव पेश गर्ने ।

खः उप दफा 'क' बमोजिम सूचना प्रकाशन भए अनुरूप उद्यमीले तोकिएको अन्तिम मितिसम्म कार्यालय समयभित्र प्रयोगशालामा यस कार्यविधिको अनुसूची २ मा उल्लेख भए बमोजिम सम्पूर्ण कागजातसहित आवेदन प्रस्ताव खाम बन्दी गरी पेश गर्नुपर्नेछ ।

### ५. अनुदान उपलब्ध गराउने आधार

प्रस्ताव पेश गर्ने उद्यमीले नयाँ निर्माण हुने हकमा संरचनाको विस्तृत डिजाइन र लागत इस्टिमेट सहित जडान गरिने मेसिनरीहरूको स्पेसीफिकेसन तथा लागत मूल्य समेत पेश गर्नुपर्नेछ । उक्त डिजाइन र मेसिनरीहरूको स्पेसीफिकेसन निर्देशनालय वा अन्य सरकारी इन्जिनियरबाट स्वीकृत गराउनु पर्नेछ ।

### ६. आवेदन दिन आवश्यक योग्यता

यस कार्यविधि अनुरूप प्याकहाउस स्थापना तथा मेसिनरी खरिद गर्नका लागि अनुदान प्राप्त गर्न देहायका योग्यता पुगेका सबै उद्यमीहरूले अनुसूची २ अनुसार आवेदन दिन सक्नेछन् ।

क) आवेदक उद्यमी कानुन बमोजिम दर्ता भई स्थायी लेखा नम्बर लिएका, संस्था दर्ता भएको कम्तीमा एक वर्ष पूरा भएको, साधारण सभा गरेर वार्षिक लेखा-परीक्षण गरेको साथै सरकारी कर चुक्ता गरेको हुनुपर्नेछ ।

ख) प्याक हाउस निर्माणका लागि कम्तीमा २ रोपनी क्षेत्रफलको जग्गा हुनुपर्नेछ र उक्त जग्गामा बाटो, बिजुली, पानी आदिको सुविधा भएको हुनुपर्नेछ । प्याक हाउस निर्माण कार्यमा संलग्न हुने उद्यमीको आफ्नै नाममा जग्गा हुनुपर्नेछ वा कम्तीमा १५ वर्षका लागि भाडामा लिएको हुनु पर्नेछ ।

ग) प्याक हाउस निर्माण गर्ने उद्यमीले पूर्वाधार स्थापना र सञ्चालन कार्ययोजनामा भएको लागत बमोजिम योगदान व्यहोर्न सक्ने क्षमता भएको हुनुपर्नेछ ।

घ) आवेदक संस्था/कम्पनीले आफूले व्यहोर्नुपर्ने रकम वित्तीय संस्थाबाट ऋण लिई गर्ने भएमा लगानी गर्ने बराबरको रकम प्राप्त गर्ने प्रतिबद्धता वा बैङ्क ग्यारेण्टी-पत्र पेश गर्नुपर्नेछ ।

### ७. छनौट तथा मूल्याङ्कन समितिको व्यवस्था

यस कार्यविधिको अनुसूची १ मा प्रकाशित सूचना बमोजिम पेश भएका आवेदनहरूलाई अनुसूची ५ बमोजिमको मूल्याङ्कनका आधारमा छनौट तथा मूल्याङ्कन गर्नका लागि तपसिल बमोजिमको छनौट तथा मूल्याङ्कन समिति गठन गरिनेछ ।

क) प्रमुख, पोष्टहार्भेट व्यवस्थापन/योजना शाखा, निर्देशनालय —संयोजक

ख) अधिकृत प्रतिनिधि, खाद्य सुरक्षा तथा व्यवसाय प्रर्वद्धन महाशाखा, मन्त्रालय — सदस्य

ग) कृषि इन्जिीनियर, निर्देशनालय (कृषि यन्त्रीकरण शाखा) — सदस्य

घ) अधिकृत प्रतिनिधि, बीउ बिजन प्रयोगशाला — सदस्य

ङ) वरिष्ठ बाली संरक्षण अधिकृत, प्रयोगशाला — सदस्य सचिव

समितिले आवश्यकता अनुसार बढीमा २ जना सम्म विषय विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ । उपरोक्त समिति गठनका लागि उल्लेख भए बमोजिमको अधिकृत उपलब्ध नभएमा वा रिक्त भएमा कार्यालयमा भएका विषय सम्बन्धित कृषि प्राविधिक राखी समिति गठन गर्न सकिनेछ ।

## ८. छनौट तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार

क) यस कार्यविधि अनुसार पेश हुन आएका दरखास्त वा प्रस्तावमा समावेश गरिएका कागजातहरू अनुसूची ५ बमोजिमको मूल्याङ्कनको आधारमा मूल्याङ्कन गरी स्वीकृतीका लागि निर्देशनालय प्रमुख समक्ष सिफारिस गर्ने ।

ख) प्रस्तवित कार्यक्रम सञ्चालनका लागि किस्ता (हरू) उपलब्ध गराउन सिफारिस गर्ने ।

ग) सञ्चालित कार्यक्रमहरूको अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।

घ) एक मात्र प्रस्ताव पर्न आएमा समितिले मुल्याङ्कन गरी उपयुक्त भएमा छनौट गर्न सक्ने ।

ङ) प्रस्तावकको माग, डिजाइन तथा लागत अनुमान, अनुदान माग गरेको रकम र बजार मूल्यको आधारमा छनौट भएको प्रस्तावकहरूलाई अनुदान रकम तोक्ने ।

च) छनौट, मूल्याङ्कन तथा कार्यक्रम सम्बन्धी अन्य आवश्यक कार्यहरू गर्ने ।

**९. कार्यक्रम कार्यान्वयनः** पोष्टहार्भेष्ट क्षति न्युनीकरण कार्यक्रमको कार्यान्वयन प्रक्रिया देहाय वमोजिम हुनेछ ।

१) प्याक हाउस स्थापना सम्बन्धी कार्यक्रममा व्यवसायिक रूपमा फलफूल/तरकारी उत्पादन, ग्रेडिङ, प्याकिङ, तथा बजारीकरणमा संलग्न सेवाग्राहीका साथै व्यवसायिक रूपमा बीउ उत्पादन, प्रशोधन तथा बजारीकरणमा संलग्न सेवाग्राहीकाले समेत भाग लिन सक्नेछन ।

२) अनुसुचि ६ अनुसारको औजार उपकरण बितरण कार्यक्रममा ताजा तरकारी तथा फलफूलको व्यवसायिक उत्पादनमा संलग्न स-साना सेवाग्राहीहरूलाई समावेश गरिनेछ ।

३) अनुसचि ७ अनुसारको बीउ उत्पादन, प्रशोधन तथा भण्डारण सम्बन्धी कार्यक्रममा नीजि प्रयोजनको साथै व्यवसायिक रूपमा बीउ उत्पादन, प्रशोधन तथा बजारिकरणमा संलग्न कृषक,कृषक समूह तथा सहकारीहरूलाई समावेश गरिनेछ ।

४) स्थानीय उपभोक्ताले पूर्वाधार विकास निर्माण कार्यको लागि जग्गाको व्यवस्था गर्नुपर्ने साथै कुल लागतको कम्तीमा १५ प्रतिशत खर्च अनिवार्य व्यहोर्नु पर्ने ।

५) प्रयोगशालामा प्राप्त आवेदनहरूको मुल्याङ्कन समितिबाट मुल्याङ्कन गरी स्वीकृत भएको प्रस्तावकहरूलाई जानकारी दिने ।

७) स्वीकृती प्राप्त प्रस्तावक सँग सम्झौता गरी प्रस्ताव कार्यन्वयन अघि बढाउने काम बाली संरक्षण प्रयोगशालाको हुनेछ । कथम कदाचित स्वीकृत प्रस्तावकले १५ दिनभित्र सम्झौता गर्न नआएमा वा कार्य अघि नबढाएमा प्राथमिकता क्रममा त्यस पछि रहेका प्रस्तावकलाई अनुदान रकम प्रवाह गर्न सकिनेछ ।

८) एकै बर्षमा सम्पन्न हुन नसक्ने ठूला परियोजनाको हकमा संरचना निर्माण तथा मेसिनरी /उपकरण खरिद तथा जडान गर्ने कार्य बहुवर्षीय आयोजनाको रूपमा प्रस्ताव गर्न सकिनेछ ।

## १०. प्रस्ताव मूल्याङ्कन, छनौट सम्बन्धी अन्य व्यवस्था

क) यस कार्यविधि बमोजिम प्राप्त प्रस्तावहरू छनौट तथा मूल्याङ्कन गर्नका लागि दफा ८ बमोजिमको समितिले खाम बन्दी प्रस्तावहरू खोली मूल्याङ्कनको प्रक्रिया अगाडी बढाउने छ ।

ख) प्रारम्भिक मूल्याङ्कनको लागि समितिबाट पेश भएका प्रस्तावहरूले आवश्यक न्यूनतम आधारहरू पूरा गरेको/नगरेको यकिन गरी पहिलो चरणमा प्रारम्भिक स्क्रिनिङ गरिनेछ । न्यूनतम आधारहरू पूरा नगरेका प्रस्तावहरूलाई समितिले मूल्याङ्कनको लागि अगाडी बढाउने छैन।

ग) आवश्यक न्यूनतम योग्यता पूरा गरी प्रारम्भिक स्क्रिनिङबाट सफल भएका प्रस्तावहरूलाई समितिबाट यस कार्यविधिको अनुसूची ५ बमोजिम मूल्याङ्कनका आधारहरूमा जाँच गरी अङ्क प्रदान गरिनेछ । प्राप्त प्रस्तावहरू मध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावहरूलाई उपलब्ध बजेटको आधारमा अनुदान प्रदान गर्न छनौट गरी निर्देशनालय प्रमुख समक्ष स्वीकृतीको लागि सिफारिस गर्नेछ ।

घ) समितिले आवश्यक ठानेमा पेश भएका प्रस्ताव र कार्ययोजना अनुसार भए/नभएको सम्बन्धमा फिल्ड अनुगमन समेत गर्न सक्नेछ । अनुगमनको क्रममा प्रस्तावमा पेश गरिएको विवरण झुठो ठहरिए वा प्राविधिक दृष्टिकोणले अनुपयुक्त भएमा वा आवश्यक न्यूनतम योग्यता पूरा नगरेको यकिन भएमा सो प्रस्ताव रद्द गरी अन्य बाँकी प्रस्तावहरूको मूल्याङ्कन कार्य अगाडी बढाइनेछ ।

ङ) प्रयोगशाला र छनौट हुन सफल आवेदकबीच यस कार्यविधिको अधीनमा रही अनुसूची ११ बमोजिम प्रयोगशाला र अनुदानग्राही बीच सम्झौता गरी कार्यक्रम सञ्चालनको लागि कार्यादेश दिइनेछ ।

## परिच्छेद—३

### ११. अनुदान रकम स्वीकृति र सम्झौता

क) **अनुदानको सिमाः** यस कार्यविधि अनुसारको पूर्वाधार निर्माण तथा सामग्री खरिद तथा वितरणको लागि स्वीकृत बजेटको परिधिभित्र रही प्रस्ताव मूल्याङ्कन समितिको सिफारिसको आधारमा कुल लागत रकमको बढीमा ८५ प्रतिशत सम्म र अनुसूची ६ र ७ अनुसारको सामग्रीको हकमा स्वीकृत बजेटको परिधिमा रहि एक प्रस्तावकलाई बढीमा एक लाख सम्म वा कुल लागतको ८५ प्रतिशतसम्म अनुदान उपलब्ध गराइनेछ ।

ख) **प्रस्तावकले लगानी गर्ने रकम सम्बन्धमाः** प्रस्तावकले आफुले लगानी गर्न कबोल गरेको रकम तथा अन्य पुर्बाधारको व्यवस्था गरी बैङ्क दाखिला गरेका वा वित्तीय संस्थाबाट लगानी हुने अवस्थामा वित्तीय संस्थाको प्रतिबद्धता-पत्र वा अन्य भरपर्दो जानकारी प्राप्त भएपछि मात्र स्वीकृत प्रस्तावकलाई कार्यक्रम अघि बढाउन कार्यदेश दिइनेछ ।

ग) **खरिद तथा भुक्तानी सम्बन्धी व्यवस्थाः** सम्झौतामा उल्लेख भए अनुसार अनुसूची ६ र ७ मा उल्लेखित बीउ उत्पादन, प्रशोधन तथा भण्डारण, ताजा तरकारी तथा फलफूल उत्पादन, प्रशोधन तथा भण्डारणको लागि आवश्यक पर्ने स-साना औजार उपकरणहरूको हकमा स्वीकृत अनुदान रकमको परिधिभित्र रही सामग्री वा सोझै नगद/ड्राफ्ट/चेक अनुदान स्वरूप प्रस्तावकलाई उपलब्ध गराउन सकिनेछ ।

घ) अनुदान प्राप्त हुने रकमको अधिकतम ५ (पाँच) प्रतिशत रकम कन्टिन्जेन्सी बापत राखिनेछ र सो रकम सूचना प्रकाशन, स्टेशनरी, अनुगमन, प्रस्ताव मूल्याङ्कन जस्ता प्रशासनिक कार्यमा खर्च गरिनेछ।

## परिच्छेद ४

## अनुदान रकम उपलब्ध गराउने र खर्च गर्ने विधि

### १२. अनुदान प्रवाह विधि

क) आवेदकले अनुदान रकमको किस्ता प्राप्त गर्न स्वीकृत कार्ययोजना अनुसारका क्रियाकलापहरू सञ्चालन गर्दा भएको खर्चको बील, भर्पाइ र प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ । किस्ता भुक्तानी गर्दा छनौट तथा मूल्याङ्कन समितिको मूल्याङ्कन तथा स्थलगत अनुगमन रिपोर्ट सहितको सिफारिस र कार्यप्रगतिको आधारमा एकाउन्ट पेयी चेकबाट बढीमा ३ किस्तामा सम्झौता बमोजिमको रकम उपलब्ध गराइनेछ ।

ख) यस कार्यविधि बमोजिम उपलब्ध हुने अनुदान सम्बन्धी अभिलेख सम्बन्धित प्रयोगशालाले राख्नुपर्नेछ र सोको प्रगति विवरण माथिल्लो निकायमा पठाउनु पर्नेछ ।

**१३. अनुदानग्राहीले पालना गर्नुपर्ने सर्तहरू**

क) यस कार्यविधि बमोजिम सञ्चालन हुने कामको विवरण, लागत, सम्पन्न अवधि इत्यादी खुलेको होर्डिङबोर्ड कार्यक्रम सञ्चालन स्थलमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

ख) अनुदान प्राप्त गर्ने उद्यमीले प्याक हाउस/कुलबर्ट निर्माण कार्य गरेपश्चात तोकिएको प्राविधिकबाट सम्पन्न कामको निरीक्षण गराइ बील भुक्तानीको लागि पेश गर्नुपर्नेछ ।

ग) कार्यक्रम सञ्चालन गर्ने क्रममा उद्यमीले मन्त्रालय, निर्देशनालय र प्रयोगशालाले दिएको निर्देशन पालना गर्नुपर्नेछ ।

घ) प्रयोगशालाले चाहेमा क्रियाकलाप सञ्चालन तथा सो गर्ने क्रममा भएको खर्चको हिसाब किताब हेर्न सक्नेछ । कार्य प्रगति तथा खर्चको हिसाब देखाउनु सम्बन्धित उद्यमीको दायित्व हुनेछ ।

ङ) प्याक हाउसबाट सङ्कलन, सर्टिङ, ग्रेडिङ, प्याकेजिङ भएका फलफूल र तरकारीको विवरण माग भएको अवस्थामा उद्यमीले सम्बन्धित कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

च) प्रस्तावित संरचना निर्माणपश्चात मर्मत सम्भारको जिम्मा अनुदानग्राहीको हुनेछ ।

छ) प्रास्तावित संरचनाहरू निर्माण गर्दा कुनै दुर्घटना भएमा त्यसको जिम्मेवारी अनुदानग्राहीले नै लिनुपर्नेछ ।

## परिच्छेद ५

**१४. अनुगमन तथा मूल्याङ्कन व्यवस्था**

अनुगमन मूल्याङ्कनको मुख्य जिम्मेवारी प्रयोगशालाको हुनेछ । कार्यक्रमको प्रभावकारिता बढाउन अनुगमन टोलीमा निर्देशनालय तथा अन्य सरोकारवालाहरूको समेत सहभागिता गराइनेछ ।

## परिच्छेद ६
## विविध

**१५. कारवाही सम्बन्धी व्यवस्था**

क) सम्झौता अनुरूप काम नगर्ने अनुदानग्राही वा उद्यमीलाई छनौट समितिले अनुदान रकम रोक्का राख्न सक्नेछ।

ख) यस कार्यविधि बमोजिम अनुदान रकम लिई दुरूपयोग गरेको पाइएमा वा रकमको हिसाब नबुझाएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित ऐन नियम बमोजिम कारवाही गरी असुल उपर गरिनेछ ।

**१६. बाधा अड्चन निरूपण**

यस कार्यविधि कार्यान्वयनमा केही बाधा व्यवधान आइपरेमा वा विवाद उत्पन्न भएमा सोको निरूपण प्रयोगशालाको सिफारिसमा निर्देशनालयले गर्नेछ ।

**१७. संशोधन तथा परिमार्जन**

यस कार्यविधिमा कुनै प्रकारको संशोधन गर्न परेमा मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

**१८. प्रचलित कानुन बमोजिम हुने**

यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम र अन्य व्यवस्थाहरूको हकमा प्रचलित ऐन र कानुन बमोजिम हुनेछ ।

## अनुसूची १

बाली उत्पादन उप्रान्त क्षति न्यूनीकरण तथा गुणस्तरीय कृषि वस्तु उत्पादनको लागि कृषक, कृषक समूह, कृषि सहकारी तथा कृषि उद्यमीहरूलाई अनुदान उपलब्ध गराउने

**सूचना ।। सूचना ।। सूचना ।।**

यस......को आ.व ......को वार्षिक स्विकृत कार्यक्रम अनुसारबाली उत्पादन उप्रान्त क्षति न्यूनीकरण तथा गुणस्तरीय कृषि वस्तु उत्पादनको लागि कृषक, कृषक समूह, कृषि सहकारी तथा कृषि उद्यमीहरूलाई अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा इच्छुक कृषक, कृषक समूह, सहकारी संस्था, सार्वजनिक, गैर-सरकारी संस्था, बजार समिति, निजी कम्पनीहरूबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिनभित्र अनुसूची २ अनुसारको कागजातहरू संलग्न राखी प्रस्ताव सहित आवेदन यस कार्यालयमा पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । आवेदन बुझाउने सम्बन्धमा थप जानकारीका लागि .................. मा सम्पर्क राख्न सकिनेछ ।

# अनुसूची २

बाली उत्पादन उप्रान्त क्षति न्यूनीकरण तथा गुणस्तरीय कृषि वस्तु उत्पादनको लागि कृषक, कृषक समूह, कृषि सहकारी तथा कृषि उद्यमीहरूलाई अनुदान उपलब्ध गराउने कार्यक्रमका लागि आवेदन फाराम

श्रीमान् ..............................

....................................

मेरो/हाम्रो .............................. कृषक, कृषक समूह, सहकारीसंस्था, सार्वजनिक, गैर-सरकारी संस्था, बजार समिति, निजी कम्पनीबाट....... जिल्ला, .......... म.न.पा./उप-म.न.पा./न.पा./गा.पा., वडा नं ...... अन्तर्गत ....... स्थानमा कार्यक्रम पोष्टहार्भेष्ट संरचना (प्याक हाउस/ कुलबर्ट) निर्माणगर्ने लक्ष्य रहेकोले सोका लागि को कुल लागत अनुमान रु.....................मध्ये रु .................. मेरो/हाम्रो आफ्नै तर्फबाट व्यहोरी बाँकी रकम रु......................अनुदान पाउने व्यवस्थाका लागि तपसिल बमोजिमका कागजात संलग्न राखी यो आवेदन पेश गरेको छु/गरेका छौं ।

संलग्न कागजातहरू

१) रु.१० को टिकट टाँसेको अनुसूची २ अनुसारको आवेदन ।

२) नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।

३) सङ्घ/संस्था दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर लिएको प्रमाणको प्रतिलिपि, कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि ।

४) सम्बन्धित म.न.पा./उप-म.न.पा./न.पा./गा.पा.को कृषि शाखाबाट कार्यक्रम सञ्चालन गरिने स्थान प्राविधिक रूपमा उपयुक्त रहेको व्यहोराको सिफारिस-पत्र ।

५) प्रस्तावित कार्यक्रम सञ्चालन गरिने स्थानको कम्तीमा २ रोपनी क्षेत्रफल बराबर जग्गाधनी कृषकको नामावली सहित क्षेत्रफल खुलेको विवरण र लालपुर्जाको प्रतिलिपि साथै फर्म/संस्था/कम्पनीले जग्गा भाडामा लिएर कार्यक्रम सञ्चालन गर्न चाहेको खण्डमा कम्तीमा १५ वर्षको लागि जग्गा भाडामा लिएको सम्झौता र सो जग्गाको लालपुर्जाको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

६) नीजि, फर्म/संस्था/कम्पनीले व्यहोर्नुपर्ने रकम नगद मौज्दात रहेको प्रमाण (बैङ्क स्टेटमेन्ट) र लगानीको स्रोतको आधार ।

७) सडक, बिजुली, र पानीको स्रोतको आधिकारीक प्रमाण (पुष्टि हुने कागजात)

८) निर्माण भएको वा निर्माण हुने प्याक हाउसको डिजाइन तथा जडान हुने मेसिनरीको स्पेसिफिकेसन र अनुमानित लागतको विवरण ।

९) अनुसूची ३ बमोजिमको कार्ययोजनाको विवरण ।

*(नोटः माथि उल्लेखित कागजपत्र संलग्न नरहेको खण्डमा त्यस्ता प्रस्तावहरू मूल्याङ्कनको लागि अगाडी बढाइने छैन ।)*

निवेदक

संस्थाको छाप

# अनुसूची ३

## म.न.पा./उप-म.न.पा./न.पा./गा.पा.ले प्रदान गर्ने सिफारिस-पत्रको ढाँचा

.................. कार्यालयको मिति ..... को राष्ट्रिय दैनिक ...... मा प्रकाशित सूचना अनुसार........ जिल्ला ............... म.न.पा./उप-म.न.पा./न.पा./गा.पा., वार्ड नं. ............ टोल ............ मा सञ्चालित .......... कृषक वा कृषक समूह वा सहकारी संस्था वा सार्वजनिक वा गैर-सरकारी संस्था वा बजार समिति वा निजी कम्पनीले सिफारिस पाउँ भनी दिनुभएको निवेदन उपर जानकारी भए अनुसार उक्त कृषक वा कृषक समूह वा सहकारी संस्था वा सार्वजनिक वा गैर-सरकारी संस्था वा बजार समितिवा निजी कम्पनी आ.व. .... देखि निरन्तर रूपमा सञ्चालन भई वार्षिक ........... टन तरकारी/फलफूल उत्पादन/सङ्कलन/प्रशोधन/विक्री गर्ने भएको र उक्त संस्थाबाट ......... कृषक घरपरिवार लाभान्वित भईरहेको हुँदा नियमानुसार तरकारी /फलफूलको प्याक हाउस निर्माण तथा मेसिनरी खरिदका लागि अनुदान रकम उपलब्ध गरिदिनु हुन सिफारिस सहित अनुरोध गर्दछु।

कार्यालयप्रमुख

नामः

पदः

दस्तखतः

कार्यालयकोछापः

## अनुसूची४

## प्याक हाउस/कुलबर्ट स्थापना र सञ्चालनका लागि प्रस्ताव पेश गर्ने ढाँचा

**१. आवेदकको विवरण**

| | |
|---|---|
| आवेदक नाम | |
| पूर्ण ठेगाना (पत्राचारको लागि) | |
| यदि संस्था भए दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रोपाइटरको वा अध्यक्षको नाम | |
| सम्पर्क मोबाइल नं. | |
| परियोजना स्थल (कार्यक्षेत्र) | |
| परियोजनाको नाम | |
| प्रस्तावित आयोजनाको कुलबजेट रु | |
| अनुदानग्राहीको तर्फबाट व्यहोर्ने रकम रु | |
| माग गरिएको अनुदान रकम रु | |
| स्थानीय निकाय वा गैर-सरकारी संस्थाबाट अनुदान प्राप्त हुने भए सोको विवरण पनि उल्लेख गर्ने | |
| प्रस्तावना पेश गर्ने कार्यालयको नाम | |

**२. कार्यक्रम सञ्चालन गरिने स्थान र प्रमुख बजार वा मोटर बाटो बीचको दुरी**

**३. कार्यक्रम सञ्चालन गरिने स्थानमा उपलब्ध अन्य भौतिक सुविधाहरू (सडक, पानी, विद्युत आदि) उपलब्धताको वारेमा उल्लेख गर्ने ।**

**४.प्रस्तावित कार्यक्रमको औचित्य तथा महत्त्व**

**५. प्रस्तवित कार्यक्रमको अपेक्षित उपलब्धि**

पोष्टहार्भेष्ट संरचना  निर्माणबाट के-के उपलब्धहरू हुन्छन उल्लेख गर्नुहोस ।

**६.तरकारी/फलफूलको प्याक हाउस र कुलबर्ट निर्माण कार्य अन्तरगत सञ्चालन हुने मुख्य-मुख्य क्रियाकलापहरू**

| क्र.सं. | क्रियाकलाप विवरण | एकाइ | परिणाम | समापन गर्ने मिति |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | |

**७.कार्यक्रम सञ्चालन अवधिः**

**८.खर्च विवरणः**

**क.स्थिर खर्चको विवरणः**

कृषि यन्त्र उपकरणहरू, भवन निर्माण, तारवार, जग्गा खरिद आदि जस्ता संरचना निर्माणमा हुने खर्च समावेश गर्ने ।

| क्र.सं. | क्रियाकलापहरूको विवरण | एकाइ | परिमाण | दर | जम्मा खर्च (रु. |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

**ख.चालुखर्चको विवरण (एक बर्षको मात्र)**

विशेषज्ञ खर्च (डिजाइन, अनुमानित लागत इष्टिमेट), ढुवानी, ज्यामी आदिमा हुने खर्च ।

| **क्र.सं.** | **क्रियाकलापहरूको विवरण** | **एकाइ** | **परिमाण** | **दर** | **जम्मा खर्च (रु.)** |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

**९. प्रस्तावित कार्यक्रमको लागत विवरण**

**आफ्नो लगानी र माग गरिएको अनुदान रकम**

| क्र.सं. | विवरण | अनुदानग्राहीको लगानी (रु.) | माग गरिएको अनुदान (रु.) | स्थानीय निकाय वा अन्य संस्थाको लगानी (रु.) | जम्मारकम (रु.) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

**१०.अनुदान सहयोगपश्चात प्याक हाउस/कुलबर्ट सञ्चालनमा निरन्तरताका आधारहरू उल्लेख गर्नुहोस् ।**

**११. नयाँ सोच केही भए उल्लेख गर्नुहोस्**

प्रस्तावकको

संस्थाकानाम संस्थाको छापः

ठेगाना

दस्तखतः

मिति

# अनुसूची ५
## मूल्याङ्कनका आधारहरू

| क्र.सं | विवरण | अङ्क भार | | कैफियत |
|---|---|---|---|---|
| १ | **प्रस्तावक/फर्म/कम्पनीको सम्बन्धित निकायमा दर्ता भएको बर्ष र कारोवारको विवरण** | **१०** | | |
| | ५ बर्ष वा सोभन्दा पहिले स्थापना भई कारोवार गरी रहेको | १० | | |
| | ४ देखि ३ बर्ष पहिले स्थापना भई कारोवार गरिरहेको | ८ | | |
| | ३ बर्षभन्दा कम समयमा स्थापना भई कारोवार गरिरहेको | ६ | | |
| २ | **सेवा पुर्याउने कृषक सङ्ख्या (सेवाग्राही)** | **१०** | | |
| | ५०० वा सोभन्दा बढी | १० | | |
| | २५० देखि ४९९ सम्म | ८ | | |
| | २५० भन्दा कम | ६ | | |
| ३ | **फलफूल तथा तरकारीको उत्पादन/सङ्कलन परिमाण (मे.टन)** | **१०** | | |
| | बढि कारोबार | १० | | |
| | मध्यम कारोबार | ८ | | |
| | कम कारोबार | ६ | | |
| ४ | **विगत ३ बर्षको कारोवारको विवरण** | **१५** | | |
| | बढि कारोबार | १५ | | |
| | मध्यम कारोबार | १२ | | |
| | कम कारोबार | १० | | |
| ५ | **बजार तथा कारोवारको प्रकृति** | **१५** | | |
| | विदेशमा समेत निर्यात गरीरहेको | १५ | | |
| | नेपाल भित्र सङ्कलन तथा विक्री वितरणको काम गरी रहेको | १२ | | |
| ६ | **आगामी ३ बर्षको कारोवार बिस्तारको योजना** | **१०** | | |

| क्र.सं | विवरण | अङ्क भार | | कैफियत |
|---|---|---|---|---|
| | सबैभन्दा बढी परिमाण र मूल्यको कारोवार गर्ने तथा निर्यात योजना समेत पेश गर्ने | १० | | |
| | परिमाण र मूल्यको कारोवार खुलेको, निर्यात योजना पेश नभएको | ८ | | |
| ७ | **परियोजना स्थलको जगगा ब्यवस्था** | **१०** | | |
| | आफ्नै स्वामित्वको | १० | | |
| | भाडा/करार सम्झौता १५ वर्ष वा सोभन्दा माथि | ६ | | |
| ८ | **भौतिक पूर्वाधार विकास (बाटो बत्ती र पानी)** | **१०** | | |
| | वर्षभरी गाडी चल्ने पक्की बाटो सहित बत्ती र पानीको ब्यवस्था भएको | १० | | |
| | वर्षभरी गाडी चल्ने बाटो सहित बत्ती र पानीको ब्यवस्था भएको | ८ | | |
| | मौसमी रूपमा मात्र गाडी चल्ने बाटो सहित बत्ती र पानीको ब्यवस्था भएको | ६ | | |
| ९ | **बहुपक्षिय/साझेदारीमा लगानी** | **१०** | | |
| | साझेदारीमा लगानी भएको | १० | | |
| | साझेदारीमा लगानी नभएको | ८ | | |

**नोटः बहुपक्षीय भन्नाले अन्य सङ्ग/संस्था/निकायहरूसँग साझेदारीमा लगानी भन्ने बुझ्नुपर्नेछ ।**

# अनुसूची ६

ताजा कृषि उपजहरू (तरकारी, फलफूल, मसला आदि) को पोष्टहार्भेष्ट हाण्डलिङ, उत्पादन, टिपाई, सफा गर्ने (वासिङ्ग), गे्रडिङ्ग ,प्याकिङ, ड्राईङ तथा गुणस्तर मापनको लागि प्रयोग हुने पोष्ट हार्भेष्ट क्षति न्यूनीकरण सम्बन्धी औजार/उपकरणहरूको विवरणः

१. फल टिप्ने भर्याङ्
२. फल टिप्ने कैंची
३. फल टिप्ने ब्याग
४. हाते साइजर
५. ग्रेडिङ मेसिन
६. फल ढुवानी गर्ने क्रेट
७. रिफ्रयाक्टोमिटर (Refractor meter)
८. ह्वि ब्यारो (Wheel Barrow)
९. यस्तै अन्य सामग्रीहरू

## अनुसूची ७

बीउ  उत्पादन, प्रशोधन तथा भण्डारणमा उपयोग हुने सामग्री तथा उपकरणहरूको विवरणः

१. बीउ सुकाउने त्रिपाल
२. थ्रेसिङ फ्लोर
३. पेडल थ्रेसर
४. मकै छोडाउने मेसिन (कर्न सेलर)
५. मेटल बीन
६. हर्मेटिक/सुपर ग्रेन ब्याग
७. मुसा मार्ने/समात्ने साँचो (रयाट ट्र्याप)
८. तापक्रम र आद्रता मापक उपकरणहरू
९. गोदाम घरभित्र बायु सञ्चार गराउने उपकरणहरू
१०. बीउको चिस्यान मापक उपकरण
११. बीउको उपचार गराउने उपकरण
१२. आवश्यकता अनुसार अन्य

## अनुसूची ८

बीउ बीजन उत्पादन, प्रशोधन तथा भण्डारण सम्बन्धी पोष्टहार्भेष्ट औजार, उपकरण माग फाराम

१. व्यवसायिक कृषक/कृषक समूह/कृषि सहकारीको
नामः...............................................................

२. समूह/फर्म दर्ता मिति ..........................

दर्ता भएको कार्यालयः.............................................

३. सदस्य/शेयरसदस्य सङ्ख्या:
...........महिला............पुरुष.........दलित..........जनजाती...............

४. लाभान्वित कृषक सङ्ख्या............... प्रत्यक्ष .............परोक्ष........................

५. कारोबार सुरु मिती.........................................

६. कारोबारको विवरण

| बालीहरू | प्रथम वर्ष | | द्धितिय वर्ष | | तृतिय वर्ष | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | परिमाण | रकम | परिमाण | रकम | परिमाण | रकम | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

७. कारोबार क्षेत्र/जिल्लाहरू ................................................

८. व्यावसायिक कृषक/कृषक समूह/कृषि सहकारीको चल/अचल पुँजिको विवरण (घर, जग्गा, मेसिन, भवन आदि)

..................................................................................................................................................

९. जग्गा सम्बन्धी विवरणः

क) पाखो क्षेत्रफलः कित्ता नं.

ख) खेत क्षेत्रफलः कित्ता नं.

१०. समूहको आवश्यकता (सहयोग सामग्रीहरूको माग विवरण) आवश्यक अनुसार माग गर्नेः

(स-साना हार्भेष्टर, थ्रेसर, मेटल बिन, सुपरग्रेन व्याग, पी.भी.सी., थ्रेसिङ फ्लोर निर्माण सामग्री तथा अन्य)

| सामग्रीको नाम | सङ्ख्या | क्षमता | लागत | मूल्य | खरिद गर्ने स्रोत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |

संलग्न गनुपर्ने कागजातहरुः

१) समूह/कारोबार दर्ताको नविकरण सहितको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि
२) कारोबार विवरणको प्रमाणित प्रतिलिपि
३) समूहको विधान/प्रवन्ध-प्रत्रको प्रतिलिपि
४) लालपुर्जाको प्रतिलिपि

५) माग गरिदाको बैठकको निर्णयका प्रतिलिपि

उपयुक्त बमोजिमको विवरणहरू मैले जानेबुझे सम्म सही छ । झुटो ठहरिएमा निवेदन स्वतः खारेज भई ऐन कानुन बमोजिम सहुँला बुझाउँलाः

साक्षी | निवेदक

दस्तखतः नामः

पदः

नाम

पद

समूहको छाप

## अनुसूची ९

ताजा कृषि उपजहरूको पोष्टहार्भेष्ट ह्याण्डलिङ उपकरणका लागि माग फारम

१. ब्याबसायीक कृषक/कृषकसमूह/कृषि सहकारीको नामः...............................................................

२. समूह/फर्म दर्ता मिति ..........................

दर्ता भएको कार्यालय ............................................

३. सदस्य/शेयर सदस्य सङ्ख्या ...........

महिला............पुरुष.........दलित........... जनजाती...............

४. लाभान्वित कृषक सङ्ख्या............... प्रत्यक्ष .............परोक्ष........................

५. कारोबार सुरु मिती.........................................

६. कारोबारको विवरण

| बालीहरू | प्रथम वर्ष | | द्धितिय वर्ष | | तृतिय वर्ष | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | परिमाण | रकम | परिमाण | रकम | परिमाण | रकम | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

७. कारोबार क्षेत्र\जिल्लाहरू ...............................................

८. व्यावसायिक कृषक/कृषक समूह/कृषि सहकारीको चल/अचल पुंजिको विवरण (घर, जग्गा, मेसिन, भवन आदि)

....................................................................................................................

....................

९. जग्गा सम्बन्धी विवरणः

| | | |
|---|---|---|
| क) पाखो | क्षेत्रफलः | कित्ता न. |
| ख) खेत | क्षेत्रफलः | कित्ता नः |

१०) सामग्रीहरूको माग विवरण (समूहको आवश्यता अनुसार माग गर्ने)

(फल टिप्ने कैचि, हार्भेष्टिङ उपकरण, फलफूल ग्रेडिङ गर्ने हाते साइजर, रिफ्रयाक्टोमिटर, फल टिप्ने भर्याङ, कार्टुन बक्स, प्लाष्टिक क्रेट तथा अन्य)

| सामग्रीको नाम | सङ्ख्या | क्षमता | लागत | मूल्य | खरिद गर्ने स्रोत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |

संलग्न गनुपर्ने कागजातहरुः

१) समूह/कारोबार दर्ताको नविकरण सहितको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि

२) कारोबार विवरणको प्रमाणित प्रतिलिपि

३) समूहको विधान/प्रवन्ध प्रत्रको प्रतिलिपि

४) लालपुर्जाको प्रतिलिपि

५) माग गरिदाको बैठकको निर्णय प्रतिलिपि

उपयुक्त बमोजिमको विवरणहरू मैले जानेबुझे सम्म सहि छ । झुटो ठहरिएमा निवेदन स्वतः खारेज भई ऐन कानुन बमोजिम सहुँला-बुझाउँलाः

| | |
|---|---|
| साक्षी | निवेदक |
| दस्तखतः | |
| नामः | नाम ः |
| पदः | पद ः |
| | समूहको छाप |

## अनुसूची १०
## प्रतिवद्धता पत्र

....................को मिति................. मा प्रकाशित सूचना अनुसार बाली उत्पादन उप्रान्त क्षति न्यूनीकरण तथा गुणस्तरीय कृषि वस्तु उत्पादनको लागि कृषक, कृषक समूह, कृषि सहकारी तथा कृषि उद्यमीहरूलाई अनुदान उपलब्ध गराउने सहयोग प्राप्त गर्न इच्छुक भई सो कार्यक्रममा सहभागिताका लागि कार्य योजना सहितको आवेदन पेश गरेको छु/गरेका छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिम कार्य गर्ने गरी घटिमा .................वर्षसम्म निरन्तरता दिनेछु/दिनेछौं । कार्ययोजना अनुसारको कार्य नगरेमा वा ............वर्ष भन्दा अगावै सो कार्यहरू बन्द गरेमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको अनुदान फिर्ता गर्नेछु/गर्नेछौं । अन्यथा प्रचलित ऐन कानुन बमोजिम सहुँला/बुझाउँला । साथै प्रस्तावित कार्यहरूका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको व्यहोरा समेत अनुरोध गर्दछु/गर्दछौं। इति सम्वत् २०...........गते .............रोज मा शुभम् ।

नाम :

ठेगाना :

| दायाँ | बायाँ |
|---|---|
| | |

दस्तखत :

मिति:

संस्थाको छाप:

## अनुसूची- ११
## सम्झौता-पत्र

१. यो सम्झौता-पत्र ....... (प्रथम पक्ष) र ....... (दोस्रो पक्ष) बीच फलफूल/तरकारी प्याक हाउस/कुलबर्ट स्थापना गरी सञ्चालनका लागि प्रयोग हुनेछ ।

२. सम्झौता भएको मितिदेखि यस सम्झौता प्रारम्भ भएको मानिनेछ ।

३. दोस्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरू सम्झौता भएको मितिले ....... दिनभित्र सुरु गर्नुपर्नेछ ।

४. फलफूल/तरकारीको प्याक हाउ/कुलबर्ट सस्थापना सम्बन्धी कार्यक्रम सञ्चालनका लागि प्रथम पक्षले दोस्रो पक्षलाई आयोजनाको लागि स्वीकृत अनुदान रकम सम्झौता बमोजिम सम्पूर्ण काम सम्पन्न भएपछि सम्पूर्ण रकम एकमुष्ठ उपलब्ध गराउनेछ ।

५. अनुदान प्राप्त हुने रकमको अधिकतम ५.० (पाँच) प्रतिशत रकम कन्टिन्जेन्सी बापत पहिलो पक्षले सूचना प्रकाशन, स्टेशनरी, अनुगमन, प्रस्ताव मूल्याङ्कनजस्ता प्रशासनिक कार्यमा प्रयोग गर्नेछ ।

६. स्वीकृत अनुदान रकम भुक्तानी दिंदा छनौट तथा मूल्याङ्कन समिति सिफारिसको आधारमा गरिनेछ । दोस्रो पक्षले कार्यक्रम सञ्चालन गर्दा छनौट तथा मूल्याङ्कन समितिको निर्देशन अनुसार कार्य गर्नुपर्नेछ ।

७. सम्झौता बमोजिम रकम भुक्तानी गर्ने सम्बन्धमा छनौट तथा मूल्याङ्कन समितिले मूल्याङ्कनका लागि लागत अनुसारको बिल सहितकार्य सम्पन्न प्रतिवेदन तयार गरी दोस्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नु पर्नेछ र प्रथम पक्षले सम्पूर्ण प्रतिवेदन तथा बिलहरू प्राप्त भएको ....... दिनभित्र भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ ।

८. प्याकहाउस/कुलबर्ट सस्थापना र सञ्चालन गर्ने कार्यहरू .......महिनाभित्र सम्पन्न गर्नुपर्नेछ ।

९. प्याक हाउसको/कुलबर्ट अनिवार्य रूपमा बिमा गर्नुपर्नेछ ।

१०. प्याक हाउसको निर्माण र सञ्चालनपश्चात मर्मत सम्भारको जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ।

११. दोस्रो पक्षले सम्झौता बमोजिमको कार्य सञ्चालन गरेपश्चात सार्वजनिक सुनुवाइ गर्नुपर्नेछ ।

१२. यस सम्झौता बमोजिम अनुदान प्राप्त गरी कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा निर्माण स्थानमा कुनै दुर्घटना वा भवितव्य हुन गई जनधनको क्षति भएको खण्डमा सो घटनाको जिम्मेवारी दोस्रो पक्षबाट लिनुपर्नेछ ।

| | |
|---|---|
| .............................. | .................................. |
| प्रथम पक्षका तर्फबाट | दोस्रो पक्षका तर्फबाट |
| नामः | नाम : |
| पद: | पद : |

<u>साक्षीहरू</u>